# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत

गण्डकी प्रदेश, नेपाल।

☎: 067 – 411101, 067 – 411102

✉: paiyungapa@gmail.com

🌐: www.paiyunmun.gov.np


प.सः ०७९/८० मितिः २०७९/०६/०५

च.नं :

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

श्री जो जस सँग सम्बन्धित छ,

**विषयः ठेक्का नं सम्बन्धमा।**

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट मिति २०७९/०५/३० गते प्रकाशित ढुङ्गा, गिट्टी, बालुवा आदिको बिक्रि कर संकलन सम्बन्धि सिलबन्दी दरभाउपत्र आह्वानको सूचनामा ठेक्का नं त्रुटिवस ०१/२०७८/८९ भएकोमा सो सूचनाको ठेक्का नं ०१/२०७९/८० कायम भएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

(केशव लामिछाने)
प्रमुख प्रशासकीय अधिकृत

# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हुवास, पर्वत

गण्डकी प्रदेश, नेपाल।

## सिलवन्दी दरभाउपंत्र आह्वानको सूचना

***प्रथम पटक प्रकाशित मितिः २०७९/०५/३०***

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(क) र यस गाउँपालिकाको मिति २०७९/०५/२८ गतेको कार्यपालिकाको निर्णय नं २ बमोजिम अनुसार आ.व.२०७९/८० को लागि यस पैयूँ गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने ढुङ्गा, गिट्टी, बालुवा, विक्री कर उठाउन प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसार ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले तोकिएको न्यूनतम अंकमा नघट्ने गरि नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुबाट वा निजको अधिकार प्राप्त प्रतिनिधिले यस कार्यालयवाट सिलवन्दी दरभाउपत्र फाराम खरिद गरि रितपूर्वक पेश गर्न सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ।

शर्तहरुः

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन(२०७९/०६/१३ गते) सम्म कार्यालय समय भित्र कृषि विकास वैक लि, हुवास शाखामा रहेको यस कार्यलयको ग.१.१ आन्तरिक राजश्व खाता **0318501508401076** मा रु.१,०००।-(अक्षरुपी एक हजार मात्र) जम्मा गरेको सक्कल भौचर यस कार्यालयमा पेश गरि सिलवन्दी दरभाउपत्र फाराम प्राप्त गर्न सकिने छ ।

२. दरभाउपत्र फाराम खरिद गर्दा आ.व.२०७८/७९ सम्मको नविकरण तथा आ.व.२०७९/८० को लागी मान्यता प्राप्त भएको फर्म वा कम्पनीले भ्याटमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी, आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपी साथै आ.व.२०७७/७८ को कर चुक्ता विवरणको प्रतिलिपी संलग्न राखि निवेदन पेश गर्नुपर्ने छ ।

३. सूचना प्रकाशित भएको १६ औं(२०७९/०६/१४ गते) दिन दिनको ठिक १२:०० वजे भित्र रितपूर्वक सिलवन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

४. रितपूर्वक कार्यालयमा दर्ता भएका सिलवन्दी दरभाउपत्रहरु सूचना प्रकाशित भएको १६ औं(२०७९/०६/१४ गते) दिन दिनको २:०० वजे फर्म वा कम्पनीको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। फर्म वा कम्पनीको प्रतिनिधीहरु उपस्थित नभएमा पनि सिलवन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन। सिलवन्दी दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदा लगत्तै पछि कार्यालय खुलेको दिनमा हुनेछ।

५. दरभाउपत्र फाराम भर्दा सवै विवरण खुलाई केरमेट नगरि कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्ने छ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

६. सिलवन्दी दरभाउपत्र साथ कवोल गरेको जम्मा अंक (भ्याट समेत) को ५ प्रतिशतले हुन आउने रकम रु.३८,५००।-(रुपैयाँ अठतिस हजार पाँच सय मात्र) जमानत वापत कृषि विकास वैक लि, हुवास शाखामा रहेको यस कार्यलयको ग.३ धरौटी खाता **0318501508401041** मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाउँमा जारी भएको नियमानुसारको बैंक ग्यारेन्टी पेश गर्नु पर्ने छ।

७. रित नपुगेको वा कुनै शर्त राखिएका सिलवन्दी दरभाउपत्रहरु स्विकृत गरिने छैन ।

८. सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

९. यस सम्बन्धमा अन्य कुराहरु प्रचलित कानुन वमोजिम हुने छ।

१०.अन्य थप जानकारी आवस्यक भएमा कार्यालय समय भित्र कार्यालयको सम्पर्क नं. ०६७-४११101 मा सम्पक गर्न सकिनेछ।

<u>तपसिल</u>

| सि.नं | ठेक्का नं | ठेक्काको नाम | कामको विवरण | न्यूनतम अंक रु. (भ्याट बाहेक) | शिलबन्दी दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०१/२०७९/८० | गिट्टी, ढुङ्गा, बालुवा, आदिको बिक्री | सेतीखोलाको डुंड नाका भोर्ले(पहिलो), डुंड नाका भोर्ले (दोस्रो), सानो समि नाका र विनु मा.वि छत्तिसे बगरबाट ढुङ्गा, गिट्टी, बालुवा, आदिको बिक्री कर संकलन | ७,६६,९१९।- | १,०००।- |

प्रमुख प्रशासकीय अधिकृत